# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/१०/२१ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

-----------------------------------------------------------------

जिल्ला धनुषा जनकपुर उप-महानगरपालिका स्थित अस्थायी प्रहरी पोष्ट लक्ष्मीनियाँमा कार्यरत प्रहरी जवान मनोज प्रसैला (घुमुवा प्रहरी) ले मदिरा विक्री वितरण सहज बनाईदिने भनि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय वर्दिवासबाट खटिइ गएको टोलीले निजलाई रु.१०,०००/-(दश हजार) घुस वापतको रकम लिदै गर्दाको अवस्थामा जनकपुर उप-महानगरपालिका वडा नं.-७ को सार्वजनिक चोकवाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता